अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०७।१२ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी अशोक कुमार सिंहसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट स्वास्थ्य कार्यालय, बाजुराका तत्कालीन निमित्त कार्यालय प्रमुख अशोक कुमार सिंहसमेतका प्रतिवादीहरू उपर सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू.१५,०८,५५७/- (पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न रूपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनसमेत मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८३।०१।०९ को फैसलाबाट सफाई दिएकोले उक्त फैसलाउपर चित्त नबुझी मिति २०८३।०७।१२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु स्वास्थ्य कार्यालय, बाजुराका तत्कालीन निमित्त कार्यालय प्रमुख, **अशोक कुमार सिंह समेत ६ जना** मु.नं (०८२-CR-००३८) फैसला मिति २०८३।०१।०९	सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी, दुरुपयोग गरी गराई भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** • प्रतिवादी **अशोक कुमार सिंह**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रु.१५,०८,५५७।- (अक्षरेपी पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) को कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ। • प्रतिवादी **सुनेश कुमार चौरसियालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रु.१५,०८,५५७।- (अक्षरेपी पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) को कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ। • प्रतिवादी **नरेश रावतलाई** भ्रष्टाचार निवारण ऐन,	**फैसलाः** प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** • सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भइनसकेको अवस्थामा कार्यसम्पन्न भएको भनी फिल्डको अनुगमन गर्ने प्राविधिकहरु नरेश राउत र सुनेश कुमार चौरसियाले प्रतिवेदन पेश गरेको देखिएको। • प्रतिवादी अशोक कुमार सिंहले प्राविधिक प्रतिवेदनका आधारमा भुक्तानी दिएको देखिएको। • प्रतिवादीहरु पारस रोकाया, खडक ऐडी र मुना रोकायले अनुसन्धानका क्रममा तथा अदालतमा समेत बयान गर्दा निर्माण सम्पन्न हुन बाँकी नै रहेको र आफ्नै लगानीमा कार्य सम्पन्न गरेको बेहोरा लेखाएको देखिएको।	• जिल्ला आ.ब. २०७५/०७६ मा सुदूरपश्चिम प्रदेश, सामाजिक बिकास मन्त्रालय अन्तर्गत बाजुरा जिल्ला, हिमाली गाउँपालिका, वडा नं. ६, धिममा प्रसुति केन्द्र भवन निर्माण कार्यका लागि प्रदेश सरकारबाट रु.२०,००,०००।- (अक्षरेपी बीस लाख) र उपभोक्ता समितिबाट रु. ५,३९,३२०।४६ (अक्षरेपी पाँच लाख उनान्चालीस हजार तीन सय बीस) गरी कन्टिन्जेन्सी बाहेक जम्मा रु.२५,३९,३२०।४६ (अक्षरेपी पच्चीस लाख उनान्चालीस हजार तीन सय बीस) लागत अनुमान तयार भई स्वीकृत भएकोले हिमाली गाउँपालिका, वडा नं. ६ का उपभोक्ताहरुको भेलाबाट प्रसुति केन्द्र भवन निर्माणका लागि उपभोक्ता समितिका अध्यक्ष पारस रोकाया, कोषाध्यक्ष खडक ऐडी र सचिव मुना रोकाया भएको उपभोक्ता समिति गठन भई २०७६ जेष्ठ मसान्तभित्र कार्य सम्पन्न गर्ने गरी बि.स २०७६ बैशाखमा सम्झौता भएको देखिन्छ। सो भवन निर्माण कार्यको लागि पहिलो रनिङ्ग बिलबाट मिति २०७६।०२।१२ गतेको गो.भौ.नं. १३ मार्फत रु. ४,४४,३५५।- (अक्षरेपी चार लाख चवालिस हजार तीन सय पचपन्न) र अन्तिम बिलबाट मिति २०७६।०३।२६ गतेको गो.भौ.नं.५९ मार्फत रु.१०,६४,२०२।- (अक्षरेपी दस लाख चौसाठी हजार दुई सय दुई) गरी जम्मा रकम रु. १५,०८,५५७।- (अक्षरेपी पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न) उपभोक्ता समितिलाई भुक्तानी भएको तथ्यमा विवाद देखिँदैन तथापि रकम भुक्तानीको लागि उपभोक्ता समितिबाट स्वास्थ्य कार्यालयमा पेश भएको कागजातसाथ संलग्न फोटोहरुमा भवनको Sill Level र Lintel Level को बीच भागसम्म मात्र निर्माण कार्य गरेको देखिए पनि पहिलो रनिङ्ग बिल मार्फत नै भवन निर्माण कार्यमा Masonry Work सकिएपछि मात्र गरिने Truss निर्माण र CGI Sheet Roofing (छाना) सम्मको भुक्तानी भएको देखिन्छ। त्यस्तै लागत अनुमानमा Aluminum को झ्याल र ढोकाको फ्रेम र खापा सहितको दररेट रहेकोमा भुक्तानी दिँदा पनि सोही लागत अनुमानमा उल्लेखित दररेट बमोजिम नै भुक्तानी दिएकोमा निर्माणस्थलमा भने स्थानीय काठको झ्याल ढोकाको चौकोस मात्र बनाएको देखिन्छ। Stone Masonry With Cement Mortar को लागत अनुमान तयार गरी सोही आइटमको भुक्तानी दिएको देखिए तापनि वास्तविक रुपमा Dry Stone Masonry Wall निर्माण भएको समेत फोटोबाट पुष्टि हुने देखिन्छ। यसरी उल्लेखित आइटमहरु मध्ये PCC, RCC, Reinforcement work, Truss निर्माण, CGI Sheet Roofing, Plain Sheet, False Ceiling, Aluminum Doors and Windows Complete work को कुनै निर्माण कार्य नहुँदा नहुँदै बदनियतपूर्वक हुँदै नभएको निर्माण कार्य भएको भनी तथा लागत अनुमान भन्दा फरक कामलाई लागत अनुमान बमोजिम नै भएको भनी राष्ट्रसेवक कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरुको मिलोमतोमा तयार गरेको झुट्टा विल तथा गलत कार्य सम्पन्न प्रतिवेदनको आधारमा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी भएको पुष्टि भएको देखिँदा देखिँदै प्रतिवादीहरु मध्येका नरेश राउत र सुनेशकुमार चौरसियालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) को कसुरमा सोही दफा १९(२) बमोजिम जनही तीन महिना कैद र रु.१०,०००/- जरिवाना समेतको सजाय हुने, निज प्रतिवादीहरु उपर दावी गरिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको कसुरको हकमा दावी नपुग्ने ठहर गरी भएको फैसला मिसिल सलग्न प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण देखिँदा उक्त फैसला सो हदसम्म बदरभागी छ। • अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटी गएको इन्जिनियर लोकेन्द्र बुढा

			२०५९ को दफा १७ को कसुरमा बिगो रु.१५,०८,५५७।- (अक्षरेपी पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) को कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ। • प्रतिवादीहरु **पारस रोकाया**, **मुना रोकाया** र **खडक ऐडी**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रु.१५,०८,५५७।- (अक्षरेपी पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) को कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधारमानी निज प्रतिवादीहरु पारस रोकाया, मुना रोकाया र खडक ऐडीलाई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन समेतको मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।		सहितको टोलीले हिमाली गाउँपालिका, वडा नं. ६, धिममा निर्माण भएको उक्त प्रसुति केन्द्र भवनको स्थलगत रुपमा नापजाँच गरी मिति २०८१।०१।२० गते स्थानीय जनप्रतिनिधि, उपभोक्ता समितिका प्रतिनिधि तथा स्थानीय व्यक्तिहरुको उपस्थितिमा उठाइएको स्थलगत मुचुल्का सहितको मिति २०८१।२।३२ गते पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उक्त प्रसुति केन्द्रको भवन निर्माण कार्यमा झ्याल ढोकासम्मको ढुङ्गाको वाल निर्माण भई झ्याल बाध्नेसम्मको अवस्थामा रहेको, ५ वटा झ्याल, २ वटा मूल ढोका र २ वटा ट्वाइलेटको ढोकामा लोकल काठको चौखट राखिएको, आषाढ मसान्तसम्ममा काम सम्पन्न हुन नसकेको, स्थलगत नापजाँचको समयमा उक्त भवन भग्नावशेष अवस्थामा रहेको भन्ने बेहोरा तथा तत्कालीन अवस्थाको फोटो समेत पेश गरेको देखिन्छ। उक्त अनुसन्धानका क्रममा गरिएको स्थलगत मुचुल्का तथा प्रतिवेदनलाई समर्थन गरी निज प्रतिवेदक लोकेन्द्र बुढाले अदालत समक्ष बकपत्र समेत गरेको स्थितिमा उक्त प्रतिवेदन एवं सो लाई समर्थन हुने गरि भएको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ बमोजिम स्वीकारयोग्य प्रमाणको रुपमा ग्रहण गरी प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उक्त प्रमाणको अनदेखा गरी सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ। • प्रतिवादी नरेश रावतले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा हिमाली गाउँपालिका, वडा नं. ६, धिममा निर्माण भएको उक्त प्रसुति केन्द्र भवन निर्माण कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, निर्माण सामाग्री निर्माणस्थलमा पुगिसकेकोले उपभोक्ता समितिले काम सम्पन्न गर्ने विश्वासमा कार्य सम्पन्न प्रतिवेदन बनाएको तथ्य उल्लेख गरेको देखिन्छ। कार्यालय र उपभोक्ता समितिबीच Item Rate मा सम्झौता भएकोमा निर्माण सामाग्री उपलब्ध भएको भन्ने आधारमा निर्माण सामाग्रीहरु प्रयोग प्रयोजनमा नआउँदै बील तथा कार्य सम्पन्न प्रतिवेदन बनाई पेश गरेबाट निजको बदनियत पुष्टि भएको देखिन्छ। प्रतिवादी सुनेश कुमार चौरसियाले सव-इजिनियर नरेश रावतले पेश गरेको बील तथा कार्य सम्पन्न प्रतिवेदन ठिक भएको यकिन गरी कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेमा सव-इन्जिनियरले पेश गरेको बील विश्वासको आधारमा हस्ताक्षर गरेको भनी बयानका क्रममा खुलाए तापनि सो कुरा निजको पदीय जिम्मेवारी विपरित रहेको देखिन्छ। निजले भुक्तानीका लागि पेश गरेको फोटो हेरेको र Dry Stone Wall लगाएको स्वीकार गरेको देखिन्छ। यस आधारमा फोटोमा प्रष्ट रुपमा Sill Level र Lintel Level को बीचसम्म मात्र गारो लगाउने कार्य भएको देखिँदा देखिँदै Roof Level सम्म कै CGI Sheet को छाना, Truss Roofing र False Ceiling जस्तो कुनै काम नै नभएको आइटमहरु समेतको भुक्तानीको लागि चेकजाँच एवं सिफारिस गर्ने निजको कार्य बदनियतपूर्ण रहेको देखिन्छ। प्रतिवादी अशोक कुमार सिंहले बयानका क्रममा आफू निर्माण प्राविधिक नभएकोले उक्त प्रसुति केन्द्र भवन निर्माण कार्यमा बढी भुक्तानी भएको सम्बन्धमा आफूलाई थाहा नभएको भन्ने बेहोरा लेखाए तापनि कार्यालय प्रमुखको पदीय जिम्मेवारी विपरित भुक्तानीको लागि पेश भएको कागजातमा अधुरो भवनको फोटो प्रष्ट रुपमा देखिँदा देखिँदै कार्य सम्पन्न प्रतिवेदन र नभए नगरेको कार्य समावेश गरी पेश भएको पूरै भवनको कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी उपभोक्ता समितिलाई भुक्तानी दिने कार्य समेत गरेको देखिएबाट बदनियत पुष्टि हुन्छ। प्रसुति केन्द्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष पारस रोकाया, सचिव मुना रोकाया र कोषाध्यक्ष खडक ऐडी समेतले अधिकार प्राप्त अधिकारी समक्ष बयानको क्रममा उक्त भवन निर्माण कार्य लागत अनुमान बमोजिम सम्पन्न नहुँदै निर्माणाधीन अवस्था मै भुक्तानी लिएको स्वीकार गरेको देखिएबाट राष्ट्रसेवक कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीको मिलेमतोमा सरकारी सम्पतिमा गैरकानूनी हानि र आफूलाई लाभ पुऱ्याउने बदनियतले भ्रष्टाचारजन्य कसूर भए गरेको पुष्टि भएको देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट जगरनाथप्रसाद सोनार विरुद्ध

					नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा **(ने.का.प. २०७५, अंक ३, नि.नं. १०३८७)** *"भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरुसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने"* भन्ने सिद्धान्त प्रतिपादन भएको अवस्थामा उपरोक्त तथ्य प्रमाण एवं नजिर सिद्धान्त समेतको आधारमा प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उपरोक्त अनुसार कसूर ठहर भएका प्राविधिक कर्मचारीहरु नरेश राउत र सुनेश कुमार चौरसियाले प्रतिवेदन पेश गरेको प्रतिवेदनको आधारमा भुक्तानी गरेको भन्ने समेतका आत्मपरक व्याख्या गरि प्रतिवादीहरु नरेश राउत र सुनेश कुमार चौरसियालाइ कम सजाय गर्ने र अन्य प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ। • अतः माथि विवेचित उल्लिखित आधार, कारण तथा नजिर सिद्धान्त समेतको आधारमा प्रतिवादीहरु नरेश राउत र सुनेश कुमार चौरसियालाई आरोप दावीभन्दा कम सजाय गर्ने र अन्य प्रतिवादीहरु अशोक कुमार सिंह, पारस रोकाया, खडक ऐडी र मुना रोकायलाई आरोप दावीबाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष सादर अनुरोध छ।